# गंगाजमुना गाउँपालिकाको लैङ्गिक तथा सामाजिक समावेशीकरणको अवस्था, २०७६

स्थानीय सरकार

## गंगाजमुना गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

फुलखर्क, धादिङ

बागमती प्रदेश, नेपाल

## १. गाउँपालिकाको परिचय

गंगाजमुना गाउँपालिका संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको बागमति प्रदेश स्थित धादिङ जिल्लामा उत्तर पश्चिमा पर्दछ। जिल्लाको १३ वटा स्थानीय तह मध्ये यस गाउँपालिका जिल्लाको सदरमुकामदेखि ५४ कि.मि.को दुरीमा पर्दछ। संघीय शासन प्रणाली अनुसार स्थानीय तह पुनसंरचना प्रक्रियामा धादिङ जिल्लाको साविक रि, गुम्दी, फूलखर्क, बसेरी र बुढाथुम गरी ५ वटा गाउँ विकास समिति समायोजन भएर २०७३ सालमा यो गाँउपालिका स्थापना भएको हो। यस गाउँपालिकाको कुल क्षेत्रफल १४४.०९ वर्ग कि.मी. रहेको छ। पारिवारिक सर्भेक्षण २०७६ अनुसार गाउँपालिकाको कुल जनसंख्या २५,८७२ रहेको छ। वडा अनुसार सबैभन्दा उच्च जनसंख्या वडा नं. ७ मा ५२८४ जना रहेको छ भने सबैभन्दा न्यून वडा नं. १ मा २४२५ रहेको छ। हालको औसत घरपरिवारको आकार ४.५ र लैंगिक अनुपात १०५.४८ रहेको छ।

## २. लैगिक तथा सामाजिक समावेशीकरणको परिचय

महिला र पुरुषको समानुपातिक विकास बिना समुन्नत समाजको कल्पना गर्न सकिदैन। समुन्नत समाज निर्माणका लागि  समानुपातिक विकास आजको आवश्यकता हो। समग्र राष्ट्र विकासमा महिला र पुरुषको समान महत्व हुंदाहुंदै पनि व्यवहारमा समानता छैन। आधा जनसंख्या ओगटेको महिलाहरूको विकासमा राज्यले संविधानप्रदत्त हक अधिकारको कार्यान्वयन गर्न तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा गरेका प्रतिवद्धताहरूलाई पुरा गर्न विशेष जोड दिनु पर्ने देखिन्छ। संविधानको मर्म र भाबना अनुरूप लैंङ्गिक विभेदको अन्त्य गरि आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने तथा समानुपातिक, समावेशी तथा सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक सामाजको निर्माण गर्नका लागि संघीय संरचना अन्तर्गत स्थानीय तहले आ-आफ्ना नीति तथा कार्यक्रमहरूमा लैङ्गिक उत्तरदायी वनाउदै आन्तरिकीकरण गर्न अपरिहार्य रहेको छ।

## ३. अध्ययनको महत्व

गंगाजमुना गाउँपालिकाको महिला, जनजाती, आदिबासी, दलित, सामाजिक, आर्थिक रूपमा पछाडी परेको वर्ग तथा समुदायको अर्थपूर्ण सहभागितालाई बढाएर विकासको प्रक्रियालाई संस्थागत गर्ने पक्षमा जोड दिएको छ। आफ्नो क्षेत्रको विकासका लागि साधनहरूको परिचालन, बाँडफाँड, कार्यान्वयन र त्यसबाट प्राप्त प्रतिफलको उपभोगमा यस परीक्षणले सामाजिक समानता ल्याउने उद्धेश्य राखेको छ।  गाउँपालिका

वाट प्रवाहित कार्यलाई बढी प्रभावकारी बनाउन संस्थामा लैंङ्गिक स्थितिको पहिचान र योजनाबद्ध तवरबाट लैंङ्गिक उत्तरदायी विकास प्रकृयालाई संस्थागत गर्न लैंङ्गिक परीक्षण आवश्यक छ। लैगिक तथा सामाजिक समावेशिकरण परीक्षण प्रकृया आफैमा एउटा सहभागितामुलक स्वमूल्याङ्कन भएकोले कर्मचारी तथा पदाधिकारीहरूको व्यक्तिगत तथा संस्थागत कृयाकलापहरूलाई  लैंङ्गिक समानता र महिला सशक्तिकरणको क्षेत्रमा काम गर्न उत्साह जगाउँछ। साथै यस प्रक्रियामा संलग्न पक्षलाई लैंङ्गिक पक्षमा उत्तरदायी हुने तर्फ पनि उन्मुख गराउँदछ । यस प्रक्रियाले स्थानीय तहको लैङ्गिक मूलप्रवाहीकरण तथा महिला सशक्तिकरण सम्बन्धी कार्यक्रममा प्रभावकारिता बढाउन र संस्थागत अपनत्वको भाबना कायम गर्न पनि सघाउ पुऱ्याउँदछ । यस परीक्षणद्धारा आगामि वर्षमा गाउँपालिकाकाले लैंङ्गिक तथा सामाजिक समावेशीकरण निती वनाउन समेत मद्धत पुऱ्याउँदछ।

## ४. लैङ्गिक तथा सामाजिक पमावेसिकरण परिक्षणको उद्देश्यहरू

(क) स्थानीय तहको आवधिक र बार्षिक योजनामा लैंङ्गिक मूलप्रवाहीकरणलाई संस्थागत गर्ने।

(ख) समावेशीकरणको लक्ष्यलाई स्थानीय तहको संरचना र कार्य योजनामा स्थान दिने।

(ग) संस्थागत एवं कार्यक्रमगत रूपमा स्थानीय तहलाई लैङ्गिक एवं समावेशीकरण मैत्री बनाउने।

## ५. अध्ययनका क्षेत्रहरू

- कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण  का क्षेत्रहरु
- लैससास विश्लेषणमा आधारित योजना तर्जुमा का क्षेत्रहरु
- योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन का क्षेत्रहरु
- आन्तरिक संरचना का क्षेत्रहरु
- क्षमता विकास का क्षेत्रहरु
- नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धताका क्षेत्रहरु
- सेवा प्रवाह र संस्थागत संस्कृति का क्षेत्रहरु
- सुशासन का क्षेत्रहरु

## ६. अध्ययनको तरिका र विधि

लैङ्गिक परीक्षणले एउटा पक्षलाई मात्र नभई धेरै पक्षलाई समेटेर स्थानीय सरकारलाई सुधारात्मक बाटोमा लैजान पनि मद्दत गर्ने भएकोले विषयवस्तु सुहाउँदो विधि वा प्रकृयाहरू अपनाउन आवश्यक छ । यस परीक्षणमा गंगाजमुना गाउँपालिकाका कर्मचारी र प्रतिनिधिहरूवीच छलफल गरी आफ्नो मुख्य सरेकारको तथा समन्धित शाखाको लैङ्गिक परिक्षणका लागी निर्धारित सरचकको माध्ययमवात संस्थाको स्वमूल्याङ्कन गरी  नतिजा सार्वजनिक गरिएको थियो । यो कार्यशाला संचालन गर्न सहभागितात्मक विधि अवलम्बन गर्नुका साथै सिकाई र अनुभवजन्य सिकाई प्रकृयालाई प्रयोगमा ल्याइएको थियो । प्राप्त नतिजालाई Power Point presentation, मार्फत प्रस्तुति गरिएको थियो । प्रस्तुतिमा प्राप्त नतिजालाई थप प्रस्ट पारी साझा वुझाई तथा सहमति कायम गरिएको थियो ।  लैगिक परिक्षणमा निम्न विधी अपनाईएको थियो ।

- गाउँपालिकाका नीति, कार्यक्रम, बजेट आदिको अध्ययन तथा विश्लेषण
- गाउँपालिकाको ऐन तथा कार्यविधि लगायतका दस्तावेजहरूको अध्ययन
- आवधिक योजना
- वार्षिक योजना
- बार्षिक प्रगति समिक्षा प्रतिवेदन
- मुख्य व्यक्तिहरुसँग सूचना संकलन- योजना तथा प्रसासन शाखा प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, उपाध्यक्ष, वडाध्यक्ष, र विषयगत शाखा  प्रमुख,
- उपभोक्ता समिति र लक्षित वर्गसँग छलफल

## ७. सहभागीहरुः

लैङ्गिक तथा सामाजिक समावेसिकरण परीक्षणमा निम्न व्यक्तिको संलग्नता रहेको थियो ।

- गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष र कार्यपालिका सदस्यहरु
- गंगाजमुना गाउँपालिकाका कर्मचारिहरु

- सेवाग्राहीहरु

## ८.० विश्लेषणका औजारहरू

- लैङ्गिक पक्षबाट गंगाजमुना गाउँपालिकाको संस्थागत, नितिगत र कार्यक्रमको सूचकहरूको माध्यमबाट माकुरीजालो ग्राफ  विधिबाट विश्लेषण
- गंगाजमुना गाउँपालिकाका सवल र कमजोर पक्ष तथा अवसर एवं चुनौतीहरूको बिश्लेषण्

## ९.० लैउसास बजेट परीक्षण बिधिवाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था


लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशीकरण (लैउसास) परीक्षण विधिबाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था, परीक्षण पश्चात सूचकहरूले प्राप्त गरेका अंक निम्न अनुसार रहेको छ ।

### ९.१ परीक्षण पश्चात सूचकहरुले प्राप्त गरेका अंक - विस्तृत उपसूचकको अंकभार तथा प्राप्ताङ्क अनुसूची- २ मा समावेश गरिएको छ ।

| क्र.स. | सूचक हरु | पुणाक | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | कानून तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ७ | ६ |
| २ | लैउसास विश्लेषणमा आधारित योजना तर्जुमा | ७ | ३.५ |
| ३ | योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन | ७ | ४ |
| ४ | आन्तरिक संरचना | ७ | ४ |
| ५ | क्षमता विकास | ७ | ४ |
| ६ | नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता | ७ | ३.५ |

| | | | |
|---|---|---|---|
| **७** | सेवा प्रवाह र संस्थागत संस्कृति | ७ | ४.५ |
| **८** | सुशासन | ७ | ६.५ |
| | **जम्मा** | **५६** | **३५.५** |

**९.२ माकुरे जालो**



## १०.सवल पक्ष र सूधार गर्नु पर्ने पक्षहरु

प्राप्त छलफल, अध्ययनका आधारमा गंगाजमुना गाउँपालिकाका लैगिक तथा सामाजिक समावेशीकरणका निर्देशित सूचक तथा उपसूचकका आधारमा गाउँपालिकाका सबल पक्ष (परीक्षणबाट १ अंक प्राप्त गरेको सूचकहरू) र सूधार गर्नुपर्ने पक्षहरू (परीक्षणबाट १ अंक भन्दा कम अर्थात ०.५ वा ० अंक प्राप्त गरेको सूचकहरू)

| क स | मुख्य सुचक | सवल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|---|---|
| १ | कानून तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ✓ गाउँपालिकाले तर्जुमा गर्ने कानुन (ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड), नीति/रणनीति तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिले सहभागिता हुने गरेको छ ।<br>✓ हालसम्म स्वीकृत भएका कानुनहरु र नीतिहरुका बारेमा पदाधिकारी तथा कर्मचारीहरुका लागि अभिमुखिकरण गरिएको छ ।<br>✓ स्वीकृत भएका कानुन र नीतिहरु वेवसाइटमा राखिएको साथै प्रकाशन गरी सवैको पहुँचमा हुने गरी पालिकाका सम्वन्धित शाखाहरु, वडा कार्यालयमा र राजपत्रमा प्रकाशन गरिएको छ । | ✓ कानून तथा नीति निर्माणको क्रममा लाभग्राही विशेषतः महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायको सुझाव लिनु पर्ने ।<br>✓ गाउँपालिकाको लैउसास नीति नभएको ले यसको निर्माण गरी कार्यानवयन गर्नुपर्ने ।<br>✓ महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायहरु लक्षित गरी छुट्टै नीति, तथा आवश्यक कार्यविधी निर्माण गरी कार्यान्वयन गर्नु पर्ने । |

| | | | |
|---|---|---|---|
| | | ✓ बञ्चितिकरण र जोखिममा परेका व्यक्ति र समुदायको लागि विशेष कार्यक्रम तथा बजेट व्यवस्था गरिएको छ। | |
| २ | **लैससास विश्लेषणमा आधारित योजना तर्जुमा** | ✓ आवधिक योजनाको उद्देश्य, रणनीति तथा नतिजामा लैगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको आर्थिक तथा सामाजिक हैसियतमा परिवर्तन एवम् रुपान्तरण ल्याउने गरी स्पष्टरुपमा उल्लेख गरिको छ। | ✓ आवधिक तथा क्षेत्रगत योजना (जस्तै स्वास्थ्य, शिक्षा, खानेपानी, कृषि, विपत जोखिम व्यवस्थापन आदि) तर्जुमा गर्दा गाउँ पार्श्वचित्रवाट प्राप्त लिङ्ग, उमेर, भूगोल, जातजाति, भाषा, सस्कृति, वर्ग, अपाङ्गता भएका व्यक्ति आदि अनुसारको छुट्टाछुट्टै अवस्था पहिचान गरेतापनि स्पस्ट रुपमा कार्यानवयन नभएको ले कार्यानवयनमा ल्याउन आवस्यक देखिन्छ।<br>✓ आवधिक, क्षेत्रगत, लैउसास नीती अनुरुप वार्षिक नीती तथा कार्यक्रम वनाउन खोजेता पनि पुर्ण तालमेल नभएको, यस्ता |

| | | | |
|---|---|---|---|
| | | | नीति र वार्षिक कार्यक्रम वीचको तादम्यता नभएको ।<br>✓ वार्षिक योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी बजेट (GRB) तर्जुमा प्रक्रिया अवलम्बन गरी कार्ययोजना तयार गर्ने नगरिएको<br>✓ बस्तीस्तरको योजना तर्जुमा प्रक्रियामा सबै प्रकारका लिङ्ग र समुदायको अर्थपूर्ण सहभागिता हुने नगरेको ।<br>✓ बार्षिक कार्यक्रम तर्जुमा गर्दा विषयगत समिति अनुसार छुट्याईएको बजेट र कार्यक्रममा लैससासलाई स्पष्ट रुपमा संवोधन गर्ने गरी विषयगत कार्यकमहरु तयार नभएको ।<br>✓ बञ्चितिकरण र जोखिममा परेका व्यक्ति र समुदायको लागि विशेष कार्यक्रम तथा बजेट तय नभएको |

| | | | |
|---|---|---|---|
| ३ | **योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन** | ✓ उपभोक्ता समिति गठन गर्दा आम भेला गर्ने गरिएको छ र उक्त भेलामा सहजीकरणका लागि कर्मचारी वा महिला वडा सदस्यहरुको भुमिका हुने गरेको छ ।<br>✓ उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिलाको सहभागिता भएको साथै अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला सदस्य रहने व्यवस्था छ । | ✓ उपभोक्ता समितिमा लैङ्गिक तथा वहिस्करणमा परेका व्यक्ति र समुह, लाभान्वित समूह उपस्थिति रहेको अवस्थामा तिनीहरूको समेत पुर्ण सहभागिता हुने वातावरणको सुनिचितता गर्नु पर्ने ।<br>✓ योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ बमोजिम गठित सुपरिवेक्षण तथा अनुगमन समितिले अनुगमनका सूचकहरु वनाउदा लैससास सम्वन्धी सूचकहरु समावेश गरी सूचक वनाउने र अनुगमन प्रतिवेदन लाई कार्यपालिकामा छलफल गर्नुपर्ने ।<br>✓ सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा लैंगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहलाई लागत अनुरुप पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने नगरिएको ले यसलाई व्यवहारमा लागु गर्नु पर्ने । |

| | | | |
|---|---|---|---|
| | | | ✓ नियमित रुपमा सबै प्रकारका सरोकारवालाहरुको सहभागितामा लैससास सम्वन्धी छलफल, सिकाई आदानप्रदान हुने नगरेकोमा यसलाई कार्यान्वयनमा ल्याउने । |
| ४ | **आन्तरिक संरचना** | ✓ गाउँपालिकामा गठित न्यायिक समिति र वडा तहका मेलमिलाप केन्द्रमा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको प्रतिनिधित्व भएको ।<br>✓ न्यायिक समिति र मेलमिलाप केन्द्रमा दर्ता भएका र समाधान गरिएका विवादहरुको खण्डीकृत तथ्यांक (क्षेत्र र लाभान्वित) को अभिलेख राखिएको ।<br>✓ गाउँपालिकाले गठन गर्ने गरेका समितिहरु, उपसमिति तथा कार्यदलमा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको समानुपातिक प्रतिनिधित्व भएको । | ✓ सामाजिक विकास शाखारमहिला तथा वाल विकास शाखा अन्तर्गत लैससास सम्पर्क व्यक्ति तोकिएको व्यवस्था गर्नु पर्ने ।<br>✓ लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको विकासको लागि छुट्टै कोष तथा वजेटको व्यवस्था गरि कार्यविधी वनाएर कार्यान्वयनमा ल्याउनु पर्ने ।<br>✓ बाल हेल्पलाइन १०९८, बालबालिका हराएमा वा भेटिएमा १०४, महिला तथा बालबालिकामाथि हुने हिंसाको वारेमा उजुरी गर्न सकिने राष्ट्रिय महिला आयोगको टोल |

| | | | |
|---|---|---|---|
| | | ✓ गाउँपालिकाले टोल विकास संस्था तथा समुदायमा आधारित संस्थाहरु वा समितिहरु (जस्तैः महिला समुह, आमा समुह, वाल क्लब, संचार समुह, कृषि समुह) दर्तारसूचीकृत गरी संचालनमा ल्याईएको । | फ्रि नं. ११४५, घरेलु हिंसा जस्ता उपयोगी जानकारीहरु समुदाय स्तरसम्म प्रभावकारी ढंगबाट सूचना प्रवाह गर्न स्थानीय संयन्त्र प्रयोग मा ल्याउनुपर्ने । |
| ५ | **क्षमता विकास** | ✓ गाउँपालिकाले स्वरोजगार वृद्धि गर्ने तथा बैदेशिक एवं रोजगारीमा जाने समुहको क्षमता विकासको लागि सरोकारवालाको सहकार्यका कार्यक्रमहरू तय गरी कार्यान्वयवन गर्ने गरको छ र स्थानीय तहले रुपान्तरणीय विकासको लागि सबै वर्ग वा व्यक्तिहरुलाई ज्ञान तथा सीप विकास गर्ने कार्यक्रम लाई आत्मसाथ गरेको छ ।<br>✓ लैससास विकासको लागि संघीय सरकार अन्तर्गतका संवैधानिक आयोगहरु, प्रदेश सरकार तथा जिल्लास्तरका कार्यालयहरुसंग समन्वय गर्ने गरिएको छ । | ✓ गाउँपालिकामा स्थानीय सरकारको संस्थागत स्व- मूल्याङ्कन गरी क्षमता विकास कार्ययोजना बनाईएको छैन । यसलाई प्राथमिक्तामा राखि कार्य गर्नुपर्ने ।<br>✓ गाउँपालिकाले संचालन गर्ने क्षमता विकास कार्यक्रमहरुमा सहभागिहरुको छनौट गर्दा लैङ्गिक तथा सामाजिकरुपमा बहिष्करणमा परेका व्यक्ति र समुहलाई विशेष प्राथमिकतामा राखेर आवश्यकता पहिचानका आधारमा कार्य गर्नुपर्ने ।<br>✓ स्थानीय तहमा तालिम प्राप्त व्यक्तिहरुको क्षमतामा आएको परिवर्तनका सम्बन्धमा प्रभावकारी अनुगमन हुने नगरेकोमा सो को |

| | | | |
|---|---|---|---|
| | | | अनुगमन गरि कार्यान्वयनमा ल्यानु पर्ने । अभिलेख व्यवस्था गर्नुपर्ने ।<br>✓ गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास तालिममा लैससास सम्वन्धी छुट्टै विषय राखि तालिम दिने व्यवस्था लाई निरन्तरता दिने ।<br>✓ गाउँपालिकाले महिलाहरुका रणनीतिक आवश्यकता पुरा गर्नका लागि लोक सेवा आयोग तयारी कक्षा, ग्रामीण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी) तयार गर्ने कार्य सुरुभएकोमा प्रभावकारी रुपमा कार्यानवयन गरि नतिजा मुखि वनाउन कार्य गर्ने । |
| ६ | नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक | ✓ लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको साथै जोखिममा परेका समुदायका लागि विशेष कार्यक्रम सहित दिगो | ✓ महिला विकासका लागि भएका बेईजिङ घोषणा पत्रका बाह्रवटा प्रतिवद्धता र दिगो विकासका सत्रवटा लक्ष्यहरु, बाल अधिकार, |

| | | | |
|---|---|---|---|
| | समावेशी विकासका नीति र प्रतिवद्धता | विकासका लक्ष्यहरुको स्थानीयकरणका लागि स्थानीय तहले सरोकारवालाहरुसँगको सहकार्यमा कार्य गरिएको । | जातीय विभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धी ९क्ष्ऋभ्च्म्०, क्षीइ, अपांगता भएका व्यक्तिहरुको अधिकार संरक्षण गर्ने महासन्धि आदिको वारेमा स्थानीय सरकारका प्रतिनिधि र कर्मचारीहरुलाई अभिमुखिकरण नगरिएको तर  कोहि पनि पछाडी नछुटुन् भन्ने कुराको सुनिश्चितताको लागि अध्ययन र विश्लेषण गरी तथ्याङ्क अद्यावधिक गरिएको ले यसलाई कार्यानवयनमा ल्याउने ।<br>✓ महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परीषदबाट पारीत प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी वजेट विनियोजन को व्यवस्था मिलाउनु पर्ने । |

| | | | |
|---|---|---|---|
| | | | ✓ महिला विरुद्ध हुने सबैखालको हिंसा निर्मुल गर्ने कार्यक्रमहरु र सो अनुसारको वजेट विनियोजन गरी कार्यक्रम समयमै गर्नु पर्ने ।<br>✓ महिला अधिकार स्थापना र महिला माथि हुने हिंसा विरुद्धको विभिन्न दिवस र अभियान जस्तै महिला हिंसा विरुद्धको १६ दिने अभियान, किशोरी दिवस, अन्तराष्ट्रिय महिला दिवस, स्वच्छ महिनावारी दिवस सम्बन्धी कार्यक्रम संचालन तोकिएको समयमा गर्नु पर्ने ।<br>✓ संयुक्त राष्ट्रसंघीय वाल अधिकार महासन्धी १९८९ मा गरिएको प्रतिवद्धता कार्यान्वयनका लागि वजेट विनियोजन सहित कार्यक्रम तयार गरी गर्नु पर्ने ।<br>✓ समाजमा विद्यमान जातीय विभेद र छुवाछुत सम्बन्धी सामाजिक, सांस्कृतिक र धार्मिक कुरीति र अभ्यास हटाउनका लागि वजेट |

| | | | |
|---|---|---|---|
| | | | विनियोजन सहित कार्यक्रम तयार गरी कार्यान्वयन गर्नु पर्ने । |
| ७ | सेवा प्रवाह र संस्थागत संस्कृति | ✓ गत आ.व. मा सेवा सुविधामा पहुँच नभएका समुदायहरुका लागि सेवा प्रवाहमा पहुँच पुऱ्याउन घुम्ति शिविर संचालन भएको ।<br>✓ महिला हिंसा विरुद्दको शुन्य सहनशिलता अपनाईएको छ र  कार्यक्षेत्रमा हुने यौनजन्य हिंसा र दुर्व्यवहारको सम्वोधन गर्ने गरिएको छ ।<br>✓ गाउँपालिकामा लैससासमैत्री आचरण, भाषा, व्यवहार आदि प्रयोगमा आएको छ वा छैन ? यस्तो व्यवस्थाका लागि पहल गरिएको छ वा छैन ? | ✓ लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करण र जोखिममा परेका व्यक्ति र समुदायको नक्सांकन नभएको ले यसलाई कार्यान्वयनमा ल्याउनु पर्ने ।<br>✓ बालबालिका, जेष्ठ नागरिक, महिला र अपांगमैत्री भौतिक संरचना (सार्वजनिक स्थल) निर्माण भएका छन् तर  स्थानीय तहले सेवाग्राहीहरु प्रतिक्षारत रहँदा बस्ने ठाऊँको उचित व्यवस्थापन जस्तै पिउने पानी,को व्यवस्था गर्नु पर्ने ।<br>✓ महिला कर्मचारीहरूको गर्भावस्था र बच्चालाई स्तनपान सम्बन्धी संवेदनशीलतालाई ध्यान दिने गरिएको भएता पनि छुट्टै स्तनपान स्थल र वच्चा हेर्ने सथलको व्यवस्था गर्नु पर्ने । |

| | | | |
|---|---|---|---|
| | | | ✓ राष्ट्रिय तथा स्थानीय अभियान र सम्बन्धित मुद्धाहरुमा (जस्तै निकृष्ट प्रकारको वालश्रम, वाल विवाह, वहुविवाह, दाइजो प्रथा, वोक्सी, छुवाछुत प्रथा तथा घरेलु हिंसा, महिला हिंसा उल्मुलन र नियन्त्रणका लागि) अभियानरचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरि जनचेतना अभिवृद्धि गर्नु पर्ने । |
| ८ | सुशासन | ✓ स्थानीय तहले सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, लैससास परिक्षण, गुनासो सुनुवाई, सामुदायिक सुचना पाटी, नागरिक वडापत्र जस्ता सामाजिक जवाफदेहिताका औजारहरुको कार्यान्वयन प्रभावकारी ढंगबाट गर्ने गरेको ।<br>✓ सामाजिक जवाफदेहिताका औजारहरुको प्रयोग गर्दा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको सहभागिता सुनिश्चित गर्ने गरिएको छ । | ✓ लैउसासका राम्रा अभ्यासहरु, घटना अध्ययन आदिको प्रकाशन गर्ने, स्थानीय तहका समितिहरुमा छलफल गर्ने, अन्य स्थानीय तह, नागरिक समाज तथा प्रदेश र संघ सम्वन्धित निकायहरुसंग आदान प्रदान गर्ने गर्नु पर्ने । |

| | | | |
|---|---|---|---|
| | | ✓ गाउँपालिकाले नियमित रुपमा आयोजना गर्ने सार्वजनिक सुनुवाईमा बर्हिगमन अभिमत (Exit Poll) र नागरिक प्रतिवेदन पत्र (CRC) गर्ने गरेको छ ।<br>✓ Website निर्माण गरी विभिन्न सूचनाहरु ( बार्षिक नीति, कार्यक्रम तथा बजेट, आय-व्यय, पार्श्वचित्र, जोखिम नक्साकंन, आवधिक तथा रणनीतिक योजनाहरु, पञ्जीकरणको तथ्यांक, सामाजिक सुरक्षा भत्ताको विवरण तथा अन्य नियमित सूचनाहरु आदि) सार्वजनिकिकरण गर्ने गरेको छ ।<br>✓ सार्वजनिक महत्वका सूचनाहरु साथै माथि "घ" मा उल्लेखित विवरण प्रकाशन गरी स्थानीय संचार माध्यम तथा सूचना पाटी वा सवैको पहुँचमा हुने स्थानमा सर्वजनिक गर्ने गरिएको छ ।<br>✓ लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरूको पहुँचका लागि गरिएका | |

| | | | |
|---|---|---|---|
| | | सूचना, शिक्षा र संचारको (IEC materials )] प्रवाह गरिएको । | |

## लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना

| पूर्णाङ्क | प्राप्ताङ्क | अवस्थामा सुधारका लागि आवश्यक कृयाकलाप | मुख्य जिम्मेवारी | | | समयावधी | थप आर्थिक दायित्व व्यहोर्न | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने | नपर्ने |
| **१.कानुन तथा नीतिमा लैङ्गिक समानता तथा समावेशीकरण** | | | | | | | | |
| | | १.१. कानुन तथा नीति निर्माणको क्रममा लाभग्राही विशेषतः महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायको सुझाव लिनु पर्ने । | प्र प्र अ | कार्यपालिका | कार्यपालिका | निरन्तर | नपर्ने | |
| | | १.२. गाउँपालिकाको लैससास नीति नभएको ले यसको निर्माण गरि कार्यानवयन गर्नुपर्ने | प्र प्र अ | कार्यपालिका | कार्यपालिका | २०७७ वैसाख | नपर्ने | |
| ७ | ५ | १.३ महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायहरु लक्षित गरी छुट्टै नीति, तथा आवस्यक कार्यविधी निर्माण गरि कार्यानवयन गर्नु पर्ने । | प्र प्र अ | कार्यपालिका | कार्यपालिका | २०७७ वैसाख | नपर्ने | |

| पूर्णाङ्क | प्राप्ताङ्क | अवस्थामा सुधारका लागि आवश्यक कृयाकलाप | मुख्य जिम्मेवारी | | | समयावधी | थप आर्थिक दायित्व व्यहोर्ने | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने | नपर्ने |
| **२.लैससास विश्लेषणमा आधारित योजना तर्जुमा** | | | | | | | | |
| ७ | ३.५ | **२.१.** आवधिक तथा क्षेत्रगत योजना (जस्तै स्वास्थ्य, शिक्षा, खानेपानी, कृषि, विपत जोखिम व्यवस्थापन आदि) तर्जुमा गर्दा गाउँ पार्श्वचित्रवाट प्राप्त लिङ्ग, उमेर, भूगोल, जातजाति, भाषा, सस्कृति, वर्ग, अपाङ्गता भएका व्यक्ति आदि अनुसारको छुट्टाछुट्टै अवस्था पहिचान गरिएतापनी स्पस्ट रुपमा कार्यानवयन नभएको ले कार्यानवयनमा ल्याउन । | योजना शाखा | प्र प्र अ | कार्यपालिका | आ व ०७७। ७८ | नपर्ने | |
| | | **२.२.** आवधिक, क्षेत्रगत, लैससास नीती अनुरुप वार्षिक नीती तथा कार्यक्रम वनाउन खोजेता पनि पुर्ण तालमेल नभएको र यस्ता नीति र वार्षिक कार्यक्रम वीचको तादम्यता गर्नुपर्ने । | योजना शाखा | प्र प्र अ | कार्यपालिका | आ व ०७७। ७८ | नपर्ने | |

| पूर्णाङ्क | प्राप्ताङ्क | अवस्थामा सुधारका लागि आवश्यक कृयाकलाप | मुख्य जिम्मेवारी | | | समयावधी | थप आर्थिक दायित्व व्यहोर्न | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने | नपर्ने |
| | | | | | | | | |
| | | २.३ वार्षिक योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी बजेट (GRB) तर्जुमा प्रक्रिया अवलम्बन गरी कार्ययोजना तयार गर्ने गर्नु पर्ने | योजना शाखा | प्र प्र अ | कार्यपालिका | आ व ०७७। ७८ | २० | |
| | | २.४बस्तीस्तरको योजना तर्जुमा प्रक्रियामा सबै प्रकारका लिङ्ग र समुदायको अर्थपूर्ण सहभागिता हुने नगरेको ले यसलाई कार्यावयन गर्ने पर्ने । | योजना शाखा | प्र प्र अ | कार्यपालिका | आ व ०७७। ७८ | ३० ० | |
| | | २.५ बार्षिक कार्यक्रम तर्जुमा गर्दा विषयगत समिति अनुसार छुट्याईएको बजेट र कार्यक्रममा लैससासलाई स्पष्ट रुपमा संवोधन गर्ने गरी विषयगत कार्यकमहरु समावेस गर्नु पर्ने । | योजना शाखा | विषयगत शाखा | कार्यपालिका | आ व ०७७। ७८ | नप र्ने | |

| पूर्णाङ्क | प्राप्ताङ्क | अवस्थामा सुधारका लागि आवश्यक कृयाकलाप | मुख्य जिम्मेवारी | | | समयावधी | थप आर्थिक दायित्व व्यहोर्न | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | छ | छैन |
| | | २.६बञ्चितिकरण र जोखिममा परेका व्यक्ति र समुदायको लागि विशेष कार्यक्रम तथा बजेट व्यस्था गर्ने । | योजना शाखा | विषयगत शाखाहरु | कार्यपालिका | आ व<br>०७७।<br>७८ | ५०<br>० | |
| **३.योजना कार्यान्वयन, अनुगमन र मूल्यांकन** | | | | | | | | |
| ७ | ४ | ३.१उपभोक्ता समितिमा लैङ्गिक तथा वहिस्करणमा परेका व्यक्ति र समुह, लाभान्वित समूह उपस्थिति रहेको अवस्थामा तिनीहरूको समेत पुर्ण सहभागिता हुने वातावरणको सुनिचितता गर्नु पर्ने । | योजना साखा | कार्यपालिका | कार्यपालिका | आ व<br>२०७७।<br>७८ | २०<br>० | |

| पूर्णाङ्क | प्राप्ताङ्क | अवस्थामा सुधारका लागि आवश्यक कृयाकलाप | मुख्य जिम्मेवारी | | | समयावधी | थप आर्थिक दायित्व व्यहोर्न | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने | नपर्ने |
| | | **३.२.** योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ बमोजिम गठित सुपरिवेक्षण तथा अनुगमन समितिले अनुगमनका सूचकहरु वनाउदा लैससास सम्वन्धी सूचकहरु समावेश गरी सूचक वनाउने र अनुगमन प्रतिवेदन लाई कार्यपालिकामा छलफल गर्नुपर्ने । | योजना साखा | विधान समिति | कार्यपालिका | आ व २०७७। ७८ | ५० | |
| | | ३.३ सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा लैंगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहलाई लागत अनुरुप पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने नगरिएको ले यसलाई व्यवहारमा लागु गर्नु पर्ने । | योजना साखा | कार्यपालिका | कार्यपालिका | २०७७ जेठ | ५० | |

| पूर्णाङ्क | प्राप्ताङ्क | अवस्थामा सुधारका लागि आवश्यक कृयाकलाप | मुख्य जिम्मेवारी | | | समयावधी | थप आर्थिक दायित्व व्यहोर्न | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने | नपर्ने |
| | | ३.४ नियमित रुपमा सबै प्रकारका सरोकारवालाहरुको सहभागितामा लैससास सम्वन्धी छलफल, सिकाई आदानप्रदान हुने नगरेकोमा यसलाई कार्यानवयनमा ल्याउने । | योजना साखा | उपाध्यक्ष | कार्यपालिका | २०७७ वैसाख | नप र्ने | |
| **४.आन्तरिक संरचना** | | | | | | | | |
| | | **४.१.**सामाजिक विकास शाखारमहिला तथा वाल विकास शाखा अन्तर्गत लैससास सम्पर्क व्यक्ति तोकिएको व्यवस्था गर्नु पर्ने । | प्र प्र अ | उपाध्यक्ष | कार्यपालिका | तत्काल | नप र्ने | |
| | | **४.२.** लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको विकासको लागि छुट्टै कोष तथा वजेटको व्यवस्था गरि कार्यविधी वनाएर कार्यान्वयनमा ल्याउनु पर्ने । | प्र प्र अ | विधान समिती | कार्यपालिका | २०७७ वैसाख | ५० | |
| | | ४.३ बाल हेल्पलाइन १०९८, बालबालिका हराएमा वा भेटिएमा १०४, महिला तथा बालबालिकामाथि हुने हिंसाको | प्र प्र अ | उपाध्यक्ष | कार्यपालिका | तत्काल | नप र्ने | |

| पूर्णाङ्क | प्राप्ताङ्क | अवस्थामा सुधारका लागि आवश्यक कृयाकलाप | मुख्य जिम्मेवारी | | | समयावधी | थप आर्थिक दायित्व व्यहोर्न | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने | नपर्ने |
| | | वारेमा उजुरी गर्न सकिने राष्ट्रिय महिला आयोगको टोल फ्रि नं. ११४५, घरेलु हिंसा जस्ता उपयोगी जानकारीहरु समुदाय स्तरसम्म प्रभावकारी ढंगबाट सूचना प्रवाह गर्न स्थानीय संयन्त्र प्रयोग मा ल्याउनुपर्ने । | | | | | | |
| **५.क्षमता विकास** | | | | | | | | |
| ७ | ४ | ५.१ गाउँपालिकामा स्थानीय सरकारको संस्थागत स्व-मूल्याङ्कन गरी क्षमता विकास कार्ययोजना बनाईएको छैन । यसलाई प्राथमिक्तामा राखि कार्य गर्नुपर्ने । | प्र प्र अ | कार्यपालिका | कार्यपालिका | २०७७ साउन | २०० | |

| पूर्णाङ्क | प्राप्ताङ्क | अवस्थामा सुधारका लागि आवश्यक कृयाकलाप | मुख्य जिम्मेवारी | | | समयावधी | थप आर्थिक दायित्व व्यहोर्न | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने | नपर्ने |
| | | ५.२ गाउँपालिकाले संचालन गर्ने क्षमता विकास कार्यक्रमहरुमा सहभागिहरुको छनौट गर्दा लैङ्गिक तथा सामाजिकरुपमा बहिष्करणमा परेका व्यक्ति र समुहलाई विशेष प्राथमिकतामा राखेर आवश्यकता पहिचानका आधारमा कार्य गर्नुपर्ने । | प्र प्र अ | कार्यपालिका | कार्यपालिका | तत्काल | १०<br>० | |
| | | ५.३ स्थानीय तहमा तालिम प्राप्त व्यक्तिहरुको क्षमतामा आएको परिवर्तनका सम्बन्धमा प्रभावकारी अनुगमन हुने नगरेकोमा सो को अनुगमन गरि कार्यान्वयनमा ल्यानु पर्ने । अभिलेख व्यवस्था गर्नुपर्ने । | योजना<br>शा खा | प्र प्र अ | कार्यपालिका | तत्काल | २०<br>० | |
| | | ५.४गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास तालिममा लैससास सम्वन्धी छुट्टै विषय राखि तालिम दिने व्यवस्था लाई निरन्तरता दिने । | योजना<br>शा खा | प्र प्र अ | कार्यपालिका | तत्काल | १०<br>० | |

| पृष्ठाङ्क | प्राप्ताङ्क | अवस्थामा सुधारका लागि आवश्यक कृयाकलाप | मुख्य जिम्मेवारी | | | समयावधी | थप आर्थिक दायित्व व्यहोर्न | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | गर्ने | नगर्ने |
| | | गाउँपालिकाले महिलाहरुका रणनीतिक आवश्यकता पुरा गर्नका लागि लोक सेवा आयोग तयारी कक्षा, ग्रामीण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी) तयार गर्ने कार्य सुरुभएकोमा प्रभावकारी रुपमा कार्यानवयन गरि नतिजा मुखि वनाउन कार्य गर्ने । | योजना शा खा | प्र प्र अ | कार्यपालिका | तत्काल | १० ० | |
| **६ नेपाल सरकारका लैससास विकासका नीति र प्रतिवद्धता** | | | | | | | | |
| ७ | ३.५ | ६.१ महिला विकासका लागि भएका बेईजिङ घोषणा पत्रका बाह्रवटा प्रतिवद्धता र दिगो विकासका सत्रवटा लक्ष्यहरु, बाल अधिकार, जातीय विभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धी (ICERD), ILO, अपांगता भएका व्यक्तिहरुको अधिकार संरक्षण गर्ने महासन्धि आदिको वारेमा स्थानीय सरकारका | महिला तथा वाललालिका साखा | उपाध्यक्ष | कार्यपालिका | तत्काल | | |

| पूर्णाङ्क | प्राप्ताङ्क | अवस्थामा सुधारका लागि आवश्यक कृयाकलाप | मुख्य जिम्मेवारी | | | समयावधी | थप आर्थिक दायित्व व्यहोर्न | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्न | नपर्न |
| | | प्रतिनिधि र कर्मचारीहरुलाई अभिमुखिकरण नगरिएको तर कोहि पनि पछाडी नछुटुन् भन्ने कुराको सुनिश्चितताको लागि अध्ययन र विश्लेषण गरी तथ्याङ्क अद्यावधिक गरिएको ले यसलाई कार्यानवयनमा ल्याउने । | | | | | | |
| | | **६.२.** महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परीषदबाट पारीत प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी वजेट विनियोजन को व्यवस्था मिलाउनु पर्ने । | महिला तथा वालवालिका साखा | उपाध्यक्ष | कार्यपालिका | आ व २०७७/७८ | १०० | |

| पूर्णाङ्क | प्राप्ताङ्क | अवस्थामा सुधारका लागि आवश्यक कृयाकलाप | मुख्य जिम्मेवारी | | | समयावधी | थप आर्थिक दायित्व व्यहोर्ने | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने | नपर्ने |
| | | ६.३ महिला विरुद्ध हुने सबैखालको हिंसा निर्मुल गर्ने कार्यक्रमहरु र सो अनुसारको वजेट विनियोजन गरी कार्यक्रम समयमै गर्नु पर्ने । | महिला तथा वाललालिका साखा | उपाध्यक्ष | कार्यपालिका | आ व २०७७/७८ | २०० | |
| | | ६.४ महिला अधिकार स्थापना र महिला माथि हुने हिंसा विरुद्धको विभिन्न दिवस र अभियान जस्तै महिला हिंसा विरुद्धको १६ दिने अभियान, किशोरी दिवस, अन्तराष्ट्रिय महिला दिवस, स्वच्छ महिनावारी दिवस सम्बन्धी कार्यक्रम संचालन तोकिएको समयमा गर्नु पर्ने । | महिला तथा वाललालिका साखा | उपाध्यक्ष | कार्यपालिका | आ व २०७७/७८ | २०० | |

| पूर्णाङ्क | प्राप्ताङ्क | अवस्थामा सुधारका लागि आवश्यक कृयाकलाप | मुख्य जिम्मेवारी | | | समयावधी | थप आर्थिक दायित्व व्यहोर्न | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | गपा | नपा |
| | | ६.५संयुक्त राष्ट्रसंघीय वाल अधिकार महासन्धी १९८९ मा गरिएको प्रतिवद्धता कार्यान्वयनका लागि वजेट विनियोजन सहित कार्यक्रम तयार गरी गर्नु पर्ने । | महिला तथा वाललालिका साखा | उपाध्यक्ष | कार्यपालिका | आ व २०७७७८ | २०० | |
| | | ६.६ समाजमा विद्यमान जातीय विभेद र छुवाछुत सम्बन्धी सामाजिक, सांस्कृतिक र धार्मिक कुरीति र अभ्यास हटाउनका लागि वजेट विनियोजन सहित कार्यक्रम तयार गरी कार्यान्वयन गर्नु पर्ने । | महिला तथा वाललालिका साखा | उपाध्यक्ष | कार्यपालिका | आ व २०७७७८ | १०० | |
| **७ सेवा प्रवाह र संस्थागत सस्कृति** | | | | | | | | |
| ७ | ४.५ | ७.१ लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करण र जोखिममा परेका व्यक्ति र समुदायको नक्सांकन नभएको ले यसलाई कार्यान्वयनमा ल्याउनु पर्ने । | प्र प्र अ | उपाध्यक्ष | कार्यपालिका | आ व २०७७७८ | | |

| पूर्णाङ्क | प्राप्ताङ्क | अवस्थामा सुधारका लागि आवश्यक कृयाकलाप | मुख्य जिम्मेवारी | | | समयावधी | थप आर्थिक दायित्व व्यहोर्ने | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने | नपर्ने |
| | | | | | | | | |
| | | **७.२.**बालबालिका, जेष्ठ नागरिक, महिला र अपांगमैत्री भौतिक संरचना (सार्वजनिक स्थल) निर्माण भएका छन् तर स्थानीय तहले सेवाग्राहीहरु प्रतिक्षारत रहँदा बस्ने ठाऊँको उचित व्यवस्थापन जस्तै पिउने पानी,को व्यवस्था गर्नु पर्ने । | प्र प्र अ | उपाध्यक्ष | कार्यपालिका | २०७७ साउन | | |
| | | **७. ३** महिला कर्मचारीहरूको गर्भावस्था र बच्चालाई स्तनपान सम्बन्धी संवेदनशीलतालाई ध्यान दिने गरिएको भएता पनि छुट्टै स्तनपान स्थल र वच्चा हेर्ने सथलको व्यवस्था गर्नु पर्ने । | प्र प्र अ | कार्यपालिका | कार्यपालिका | २०७७ वैसाख | १० ० | |

| पूर्णाङ्क | प्राप्ताङ्क | अवस्थामा सुधारका लागि आवश्यक कृयाकलाप | मुख्य जिम्मेवारी | | | समयावधी | थप आर्थिक दायित्व व्यहोर्न | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने | नपर्ने |
| | | ७.४ राष्ट्रिय तथा स्थानीय अभियान र सम्बन्धित मुद्धाहरुमा ( जस्तै निकृष्ट प्रकारको वालश्रम, वाल विवाह, वहुविवाह, दाइजो प्रथा, वोक्सी, छुवाछुत प्रथा तथा घरेलु हिंसा, महिला हिंसा उल्मुलन र नियन्त्रणका लागि) अभियानरचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरि जनचेतना अभिवृदी गर्नु | उपाध्यक्ष | कार्यपालिका | कार्यपालिका | २०७७ वैसाख | १०० | |
| **८. सुशासन** | | | | | | | | |
| ७ | ६.५ | **८.१.** लैससासका राम्रा अभ्यासहरु, घटना अध्ययन आदिको प्रकाशन गर्ने, स्थानीय तहका समितिहरुमा छलफल गर्ने, अन्य स्थानीय तह, नागरिक समाज तथा प्रदेश र संघ सम्वन्धित निकायहरुसंग आदान प्रदान गर्ने गर्नु पर्ने । | प्र प्र अ | कार्यपालिका | सुचना अधिकारी | | | |

## ११.० निष्कर्ष तथा सुझाव

- ✓ गाउँपालिकाका दीर्घकालिन सोच, परिकल्पना, नीति, कार्यनीति तथा रणनीति रहेको छ र त्यही अनुरुपे बार्षिक योजनामा जिल्लाको कार्यक्रम तथा बजेट बिकासको शुरुवात भएको छ।
- ✓ पदाधिकारी एवम् कर्मचारीहरुलाई लैससास अवधारणा सम्बन्धि क्षमता विकास कार्यक्रम गर्ने ।
- ✓ लैससास सम्बन्धि तालिम दिन सक्ने प्रशिक्षक बनाउन गाउँपालिकाका कर्मचारीहरुलाई प्रशिक्षक प्रशिक्षण तालिम दिनु पर्ने ।
- ✓ अनुगमन समितिमा ३३ प्रतिशत् महिलाको सहभागिता सुनिश्चित भएतापनी  कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन गर्दा कार्यक्रमबाट लक्षित वर्गले प्राप्त गरेको लाभ र ती वर्गहरुमा कार्यक्रमले पारेको असर र प्रभावको लेखाजोखा तथा विश्लेषण हुनु पर्ने ।
- ✓ सूचना तथा अभिलेख व्यवस्थापन गर्दा खण्डीकृत तथ्यांक र सूचनालाई आधार मानि योजना तर्जुमा गरिनुपर्ने ।
- ✓ नेपाल सरकारका लैङ्गिक तथा सामाजिक विकासका नीति र प्रतिवद्धताहरुको अझ कार्यान्वयनको मा जोड दिनुपर्ने ।
- ✓ लैङ्गिक हिंसा रहित गाउँपालिका का लागी आवश्यक कार्यक्रम सचांलन गरिनु पर्ने
- ✓ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण बजेट विनियोजन गरि कार्यन्वयनमा जोड दिने ।

## अनुसुची हरु

### अनुसुची १  कार्यसालामा सहभागी विवरण

| क स |  | ब्राम्हण । क्षेत्री | जनजाति | दलित | जम्मा |
|---|---|---|---|---|---|
| १ | महिला | ९ | ६ | ४ | १९ |
| २ | पुरुष | २२ | ६ | १ | २९ |
|  | **जम्मा** | **३१** | **१२** | **५** | **४८** |

### अनुसुची २  लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका सूचक तथा प्राप्त अंकभार

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याई को आधार |
|---|---|---|---|---|
| **१** | **कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण** | ७ | ५ |  |
| **क** | गाउँपालिकाले तर्जुमा गर्ने कानुन (ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड), नीति/रणनीति तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिले सहभागिता हुने गरेको छ वा छैन ? | ० - १ | १ | समावेस हुने गरेको |
| **ख** | कानुन तथा नीति निर्माणको क्रममा लाभग्राही विशेषत: महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायको सुझाव लिईएको छ वा छैन ? | ० - १ | ०.५ | सवैमा सुझाव लिन नसकिएको |
| **ग** | हालसम्म स्वीकृत भएका कानुनहरु र नीतिहरुका बारेमा पदाधिकारी तथा कर्मचारीहरुका लागि अभिमुखिकरण भएको छ वा छैन र समान बुझाई छ वा छैन ? | ० - १ | १ | पदाधिकारी तथा कर्मचारीहरुका लागि अभिमुखिकरण भएको |

| | | | | |
|---|---|---|---|---|
| **घ** | स्वीकृत भएका कानुन र नीतिहरु वेवसाइटमा राखिएको साथै प्रकाशन गरी सवैको पहुँचमा हुने गरी पालिकाका सम्वन्धित शाखाहरु र वडा कार्यालयमा राखिएको छ वा छैन ? | **० - १** | १ | २९ वटा ऐनकानुन राजपत्रमा प्रकासन गरि राजपत्रमा समेत प्रकासित |
| **ङ** | गाउँपालिकाको लैससास नीति छ वा छैन ? तर्जुमा गरिएको भए लाभग्राही विशेषतः महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायसंग छलफल गरी सुझाव समावेश गर्ने गरिएको छ वा छैन ? | **० - १** | ० | हाल सम्म छुटै लैसस निती नभएको |
| **च** | महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायहरु लक्षित गरी छुट्टै नीति, निर्देशिका वा कार्यविधिहरु वनेका छन् वा छैनन् ? (जस्तै अपांगता मैत्री, वालमैत्री, लैङ्गिक मैत्री, दलित वा जोखिममा परेको र अन्य समुदायको सामाजिक तथा आर्थिक रुपान्तरणका लागि वनाइएको नीति कार्यविधिहरु) | **० - १** | ०.५ | आम्सिक मात्र भएको , वाललालिका र दलित लगायतलाई सम्वोदन गर्ने निती नभएको । |
| छ | बञ्चितिकरण र जोखिममा परेका व्यक्ति र समुदायको लागि विशेष कार्यक्रम तथा बजेट तय भएको छ वा छैन ? | **०–१** | १ | कार्यक्रम तथा बजेट तय भएका |
| २ | **लैससास विश्लेषणमा आधारित योजना तर्जुमा** | ७ | ३.५ | |
| क | आवधिक योजनाको उद्देश्य, रणनीति तथा नतिजामा लैगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको आर्थिक तथा सामाजिक हैसियतमा परिवर्तन एवम् रुपान्तरण ल्याउने गरी स्पष्टरुपमा उल्लेख गरिको छ वा छैन ? | **०–१** | १ | आवधिक योजनाको उद्देश्य, रणनीति तथा नतिजामा लैगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति वारे स्पस्ट व्यवयस्था |

| | | | | |
|---|---|---|---|---|
| ख | आवधिक तथा क्षेत्रगत योजना (जस्तै स्वास्थ्य, शिक्षा, खानेपानी, कृषि, विपत जोखिम व्यवस्थापन आदि) तर्जुमा गर्दा गाउँ पार्श्वचित्रबाट प्राप्त लिङ्ग, उमेर, भूगोल, जातजाति, भाषा, सस्कृति, वर्ग, अपाङ्गता भएका व्यक्ति आदि अनुसारको छुट्टाछुट्टै अवस्था विश्लेषण गरि आवश्यकता पहिचान गर्ने गरिएको छ वा छैन ? | ०–१ | ०.५ | पुर्ण रुपमा तथ्याक भएको तर अवस्था विश्लेसण गरि कार्यक्रम वनिनसकेको |
| ग | आवधिक, क्षेत्रगत, लैससास नीती अनुरुप वार्षिक नीती तथा कार्यक्रम वनाइने गरेको छ वा छैन ? यस्ता नीति र वार्षिक कार्यक्रम बीचको तादम्यता छ वा छैन ? | ०–१ | ०.५ | ऋावधिक योजना अनुरुप वाषिक कार्यक्रम भएको तर लै स स निती नभएको |
| घ | वार्षिक योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी बजेट (GRB) तर्जुमा प्रक्रिया अवलम्बन गरी कार्ययोजना तयार गर्ने गरिएको छ ? | ०–१ | ० | लैङ्गिक उत्तरदायी बजेट (GRB) अवलम्बन गरी कार्ययोजना तयार गर्ने गरिएको छैन । |
| ङ | बस्तीस्तरको योजना तर्जुमा प्रक्रियामा सबै प्रकारका लिङ्ग र समुदायको अर्थपूर्ण सहभागिता हुने गरेको छ वा छैन ? | ०–१ | ०.५ | ७ वटा वडा मध्ये केहि वडामा वस्ति स्तरमा योजना छनवट को अभ्यास ले पुर्णता नपाएको |
| च | बार्षिक कार्यक्रम तर्जुमा गर्दा विषयगत समिति अनुसार छुट्याईएको बजेट र कार्यक्रममा लैससासलाई स्पष्ट रुपमा संबोधन गर्ने गरी विषयगत कार्यकमहरु तयार गरिएको छ वा छैन ? | ०–१ | ०.५ | पुर्णता नपाएको |

| | | | | |
|---|---|---|---|---|
| छ | बञ्चितिकरण र जोखिममा परेका व्यक्ति र समुदायको लागि विशेष कार्यक्रम तथा बजेट तय भएको छ वा छैन ? | ०–१ | ०.५ | आम्सिक रुपमा भएको |
| **३** | **योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन** | ७ | ४ | |
| क | उपभोक्ता समिति गठन गर्दा आम भेला गर्ने गरिएको छ वा छैन ? उक्त भेलामा सहजीकरणका लागि कर्मचारी वा महिला वडा सदस्यहरुको भुमिका हुने गरेको छ वा छैन ? | ०–१ | १ | भएको |
| ख | उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिलाको सहभागिता छ वा छैन ? साथै अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला सदस्य रहने व्यवस्था छ वा छैन ? | ०–१ | १ | भएको |
| ग | उपभोक्ता समितिमा लैङ्गिक तथा वहिस्करणमा परेका व्यक्ति र समुह, लाभान्वित समूह उपस्थिति रहेको अवस्थामा तिनीहरूको समेत प्रतिनिधित्व हुने गरेको छ वा छैन ? | ०–१ | ०.५ | आम्सिक रुपमा भएको |
| घ | योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ बमोजिम गठित सुपरिवेक्षण तथा अनुगमन समितिले अनुगमनका सूचकहरु वनाउदा लैससास सम्वन्धी सूचकहरु समावेश गरी सूचक वनाइएको छ वा छैन ? र अनुगमन प्रतिवेदन कार्यपालिकामा छलफल हुन्छ वा हुदैन ? | ०–१ | ० | छैन । |
| ङ | गत आ.व.को वार्षिक योजनामा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको उत्थानका लागि तर्जुमा गरिएका कार्यक्रम तथा वजेटको कार्यान्वयन पूर्णरुपमा भए वा भएनन् ? | ०–१ | ०.५ | आम्सिक रुपमा भएको |

| | | | | |
|---|---|---|---|---|
| **च** | सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा लैंगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहलाई लागत अनुरुप पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरिन्छ ? स्थानीय तहले रुपान्तरणीय विकासको लागि सबै वर्ग वा व्यक्तिहरुलाई ज्ञान तथा सीप विकास गर्ने गरको छ वा छैन ? | **०–१** | ०.५ | आम्सिक रुपमा भएको |
| **छ** | नियमित रुपमा सबै प्रकारका सरोकारवालाहरुको सहभागितामा लैससास सम्वन्धी छलफल, सिकाई आदानप्रदान हुने गरेको छ वा छैन ? के यस्ता सिकाईहरु कार्यक्रमरयोजना तयार वा नीति निर्माण गर्दा समावेश गर्ने गरिन्छ ? | **०–१** | ०.५ | आम्सिक रुपमा भएको |
| **४** | **आन्तरिक संरचना** | **७** | ४ | |
| क | गाउँपालिकामा गठीत न्यायिक समिति र वडा तहका मेलमिलाप केन्द्रमा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको प्रतिनिधित्व भएको छ वा छैन ? | **०–१** | १ | भएको |
| ख | न्यायिक समिति र मेलमिलाप केन्द्रमा दर्ता भएका र समाधान गरिएका विवादहरुको खण्डीकृत तथ्यांक (क्षेत्र र लाभान्वित) को अभिलेख राखिएको छ वा छैन ? | **०–१** | १ | भएको |
| ग | गाउँपालिकाले गठन गर्ने गरेका समितिहरु, उपसमिति तथा कार्यदलमा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको समानुपातिक प्रतिनिधित्व भएको छ वा छैन ? | **०–१** | १ | भएको |
| घ | सामाजिक विकास शाखारमहिला तथा वाल विकास शाखा अन्तर्गत लैससास सम्पर्क व्यक्ति तोकिएको छ वा छैन ? | **०–१** | ० | नभएको |

| | | | | |
|---|---|---|---|---|
| ङ | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको विकासको लागि छुट्टै कोष तथा वजेटको व्यवस्था भएको छ (जस्तै वाल विकास कोष, अपाङ्गता विकास कोष, छात्रवृति कोष, दलित उत्थान विकास कोष आदि) ? उनीहरूको सक्रियता र आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गर्ने गरिएको छ वा छैन ? | ०–१ | ० | नभएको |
| **च** | बाल हेल्पलाइन १०९८, बालबालिका हराएमा वा भेटिएमा १०४, महिला तथा बालबालिकामाथि हुने हिंसाको वारेमा उजुरी गर्न सकिने राष्ट्रिय महिला आयोगको टोल फ्रि नं. ११४५, घरेलु हिंसा जस्ता उपयोगी जानकारीहरु समुदाय स्तरसम्म प्रभावकारी ढंगबाट सूचना प्रवाह गर्न स्थानीय संयन्त्र प्रयोग गरी लाभग्राहीहरुलाई सूचना प्रवाह गरिने गरेको छ वा छैन ? | ०–१ | ० | नभएको |
| **छ** | गाउँपालिकाले टोल विकास संस्था तथा समुदायमा आधारित संस्थाहरु वा समितिहरु (जस्तैः महिला समुह, आमा समुह, वाल क्लब, संचार समुह, कृषि समुह) दर्तारसूचीकृत गरी सक्रियरुपमा संचालनमा ल्याईएको छ वा छैन ? | ०–१ | १ | भएको |
| **५** | **क्षमता विकास** | ७ | ४ | |
| क | गाउँपालिकामा स्थानीय सरकारको संस्थागत स्व-मूल्याङ्कन गरी क्षमता विकास कार्ययोजना बनाईएको छ वा छैन ? यस्ता कार्ययोजनाका लागि आवधिक, क्षेत्रगत र वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्यवन गरिएको छ वा छैन ? | ०–१ | ० | नभएको |

| | | | | |
|---|---|---|---|---|
| ख | गाउँपालिकाले संचालन गर्ने क्षमता विकास कार्यक्रमहरुमा सहभागिहरुको छनौट गर्दा लैङ्गिक तथा सामाजिकरुपमा बहिष्करणमा परेका व्यक्ति र समुहलाई विशेष प्राथमिकतामा राखेर आवश्यकता पहिचानका आधारमा गर्ने गरिएको छ वा छैन ? | ०–१ | ०.५ | अभ्यासको थालनि भएको |
| ग | गाउँपालिकाले स्वरोजगार वृद्धि गर्ने तथा बैदेशिक एवं रोजगारीमा जाने समुहको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गर्ने गरको छ वा छैन ? स्थानीय तहले रुपान्तरणीय विकासको लागि सबै वर्ग वा व्यक्तिहरुलाई ज्ञान तथा सीप विकास गर्ने गरेको छ वा छैन ? | ०–१ | १ | भएको |
| घ | तालिम प्राप्त व्यक्तिहरुको क्षमतामा आएको परिवर्तनका सम्बन्धमा प्रभावकारी अनुगमन गर्ने गरेको छ वा छैन ? तालिमप्राप्त व्यक्ति वा सेवाप्राप्त गर्ने समुदायको आर्थिक तथा सामाजिक सशक्तिकरणमा परिवर्तन भएको अभिलेखिकरण गर्ने गरिएको छ वा छैन ? | ०–१ | ०.५ | अभ्यासको थालनि भएको |
| ङ | गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास तालिममा लैससास सम्वन्धी छुट्टै विषय राखि तालिम दिने गरेको छ वा छैन ? | ०–१ | ०.५ | अभ्यासको थालनि भएको |
| **च** | गाउँपालिकाले महिलाहरुका रणनीतिक आवश्यकता पुरा गर्नका लागि लोक सेवा आयोग तयारी कक्षा, ग्रामीण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी) तयार गर्ने गरेको छ वा छैन ? | ०–१ | ०.५ | अभ्यासको थालनि भएको |
| **छ** | लैससास विकासको लागि संघीय सरकार अन्तर्गतका संवैधानिक आयोगहरु, प्रदेश सरकार तथा जिल्लास्तरका कार्यालयहरुसंग समन्वय गर्ने गरिएको छ वा छैन ? | ०–१ | १ | भएको |

| | | | | |
|---|---|---|---|---|
| ६ | **नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता** | ७ | ३.५ | |
| क. | महिला विकासका लागि भएका बेईजिङ घोषणा पत्रका बाह्रवटा प्रतिवद्धता र दिगो विकासका सत्रवटा लक्ष्यहरु, बाल अधिकार, जातीय विभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धी (ICERD), ILO, अपांगता भएका व्यक्तिहरुको अधिकार संरक्षण गर्ने महासन्धि आदिको वारेमा स्थानीय सरकारका प्रतिनिधि र कर्मचारीहरुलाई अभिमुखिकरण गरिएको छ ? कोहि पनि पछाडी नछुटुन् भन्ने कुराको सुनिश्चितताको लागि अध्ययन र विश्लेषण गरी तथ्याङ्क अद्यावधिक गरिएको छ ? | ०–१ | ० | नभएको |
| ख. | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको साथै जोखिममा परेका समुदायका लागि विशेष कार्यक्रम सहित दिगो विकासका लक्ष्यहरुको स्थानीयकरणका लागि स्थानीय तहले सरोकारवालाहरुसँगको सहकार्यमा कार्य गरिएको छ वा छैन ? | ०–१ | १ | भएको |
| ग. | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परीषदबाट पारीत प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरेका कार्यक्रम हरुमा रकम विनियोजन गरेको छ वा छैन ? | ०–१ | ० | नभएको |

| | | | | |
|---|---|---|---|---|
| घ. | महिला विरुद्ध हुने सबैखालको हिंसा निर्मुल गर्ने कार्यक्रमहरु र सो अनुसारको वजेट विनियोजन गरी कार्यक्रम समयमै सम्पन्न गरेको छ ? | **०–१** | ०.५ | सुरुवात भएको |
| ङ | महिला अधिकार स्थापना र महिला माथि हुने हिंसा विरुद्धको विभिन्न दिवस र अभियान जस्तै महिला हिंसा विरुद्धको १६ दिने अभियान, किशोरी दिवस, अन्तराष्ट्रिय महिला दिवस, स्वच्छ महिनावारी दिवस सम्बन्धी कार्यक्रम संचालन गर्ने गरेको छ वा छैन ? | **०–१** | ०.५ | केहि कार्यक्रम हुने गरेको |
| **च** | संयुक्त राष्ट्रसंघीय वाल अधिकार महासन्धी १९८९ मा गरिएको प्रतिवद्धता कार्यान्वयनका लागि वजेट विनियोजन सहित कार्यक्रम तयार गरी समयमै सम्पन्न गरेको छ वा छैन ? | **०–१** | ०.५ | सुरुवात भएको |
| छ | समाजमा विद्यमान जातीय विभेद र छुवाछुत सम्बन्धी सामाजिक, सांस्कृतिक र धार्मिक कुरीति र अभ्यास हटाउनका लागि वजेट विनियोजन सहित कार्यक्रम तयार गरी समयमै सम्पन्न गरेको छ वा छैन ? | **०–१** | ०.५ | सुरुवात भएको |
| ७ | **सेवा प्रवाह र संस्थागत संस्कृति** | ७ | ४.५ | |
| क | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करण र जोखिममा परेका व्यक्ति र समुदायको नक्सांकन तथा वार्षिकरुपमा अद्यावधिक गर्ने गरेको छ वा छैन ? | **०–१** | ० | नभएको |
| ख | गत आ.व. मा सेवा सुविधामा पहुँच नभएका समुदायहरुका लागि सेवा प्रवाहमा पहुँच पुऱ्याउन घुम्ति शिविर संचालन भए वा नभएको ? | **०–१** | १ | भएको |
| ग | बालबालिका, जेष्ठ नागरिक, महिला र अपांगमैत्री भौतिक संरचना (सार्वजनिक स्थल) निर्माण भएका छन् वा छैनन् | **०–१** | ०.५ | केहि सथानमा भएको तर पिउने |

| | | | | |
|---|---|---|---|---|
| | ? स्थानीय तहले सेवाग्राहीहरु प्रतिक्षारत रहँदा बस्ने ठाऊँको उचित व्यवस्थापन जस्तै पिउने पानी, महिला/पुरुष शौचालय, प्रतिक्षालय आदि छ वा छैन ? | | | पानी लगायतको सुविधा नभएको |
| घ | महिला कर्मचारीहरूको गर्भावस्था र बच्चालाई स्तनपान सम्बन्धी संवेदनशीलतालाई ध्यान दिने गरिएको छ वा छैन (जस्तै गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा लगाउन नपाइने) ? | ०–१ | ०.५ | संवेदनशीलतालाई ध्यान दिने गरिएको तर स्तनपान कक्षको व्यवयस्था नभएको |
| ङ | राष्ट्रिय तथा स्थानीय अभियान र सम्बन्धित मुद्धाहरुमा ( जस्तै निकृष्ट प्रकारको वालश्रम, वाल विवाह, वहुविवाह, दाइजो प्रथा, वोक्सी, छुवाछुत प्रथा तथा घरेलु हिंसा, महिला हिंसा उल्मुलन / नियन्त्रणका लागि) अभियान/चेतनामूलक कार्यक्रमहरु सञ्चालन हुने गरेको छ वा छैन ? | ०–१ | ०.५ | सुरुवात भएको तर पुर्ण रुपमा समेटन नसकिएको |
| च | महिला हिंसा विरुद्दको शुन्य सहनशिलता अपनाईएको छ वा छैन ? कार्यक्षेत्रमा हुने यौनजन्य हिंसा र दुर्व्यवहारको सम्वोधन गर्ने गरिएको छ वा छैन ? | ०–१ | १ | भएको |
| छ | गाउँपालिकामा लैससासमैत्री आचरण, भाषा, व्यवहार आदि प्रयोगमा आएको छ वा छैन ? यस्तो व्यवस्थाका लागि पहल गरिएको छ वा छैन ? | ०–१ | १ | भएको |
| **८** | **सुशासन** | ७ | ६.५ | |
| क | स्थानीय तहले सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, लैससास परिक्षण, गुनासो सुनुवाई, सामुदायिक सुचना पाटी, नागरिक वडापत्र जस्ता सामाजिक जवाफदेहिताका औजारहरुको कार्यान्वयन प्रभावकारी ढंगबाट गर्ने गरेको छ वा छैन ? | ०–१ | १ | भएको |

| | | | | |
|---|---|---|---|---|
| ख | सामाजिक जवाफदेहिताका औजारहरुको प्रयोग गर्दा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको सहभागिता सुनिश्चित गर्ने गरिएको छ वा छैन ? | ०–१ | १ | भएको |
| ग | गाउँपालिकाले नियमित रुपमा आयोजना गर्ने सार्वजनिक सुनुवाईमा बर्हिगमन अभिमत (Exit Poll) र नागरिक प्रतिवेदन पत्र (CRC) गर्ने गरेको छ वा छैन ? | ०–१ | १ | भएको |
| घ | Website निर्माण गरी विभिन्न सूचनाहरु (बार्षिक नीति, कार्यक्रम तथा बजेट, आय-व्यय, पार्श्वचित्र, जोखिम नक्साकंन, आवधिक तथा रणनीतिक योजनाहरु, पञ्जीकरणको तथ्यांक, सामाजिक सुरक्षा भत्ताको विवरण तथा अन्य नियमित सूचनाहरु आदि) सार्वजनिकिकरण गर्ने गरेको छ वा छैन ? | ०–१ | १ | भएको |
| ङ | सार्वजनिक महत्वका सूचनाहरु साथै माथि "घ" मा उल्लेखित विवरण प्रकाशन गरी स्थानीय संचार माध्यम तथा सूचना पाटी वा सवैको पहुँचमा हुने स्थानमा सर्वजनिक गर्ने गरिएको छ वा छैन ? | ०–१ | १ | भएको, |
| च | लैससासका राम्रा अभ्यासहरु, घटना अध्ययन आदिको प्रकाशन गर्ने, स्थानीय तहका समितिहरुमा छलफल गर्ने, अन्य स्थानीय तह, नागरिक समाज तथा प्रदेश र संघ सम्वन्धित निकायहरुसंग आदान प्रदान गर्ने गरेको छ वा छैन ? | ०–१ | ०.५ | प्रकासन को सुरुवात भएको तर समितिहरुमा छलफल नभएको । |
| छ | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरूको पहुँचका लागि गरिएका सूचना, शिक्षा र संचारको (IEC materials ) प्रवाह गरिएको छ वा | ०–१ | १ | भएको । |

| | | | | |
|---|---|---|---|---|
| | छैन ? गरिएको भए त्यसले स्थानीय तहको विकास कार्यहरूमा सहभागितामा वृद्धि ल्याएको छ वा छैन ? | | | |
| | जम्मा | ५६ | ३५.५ | |